नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## सांसद तपेश्वर यादवको अभिव्यक्तिको विरोधमा प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहाको मिर्चैयामा मिटरब्याज पीडितहरूले मिटरब्याजसम्बन्धी सांसद तपेश्वर यादवको अभिव्यक्तिको विरोधमा

*बाँकी पृष्ठ ३ मा*

वर्ष ४ • अंक २६१ • २०८३ साल भाद्र ११ गते बिहीबार • Thursday 27, August 2026 • सूर्योदयः बिहान ०५:४० बजे • सूर्यास्तः साँझ ०६:३० बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# भोटेकोशी बाढीः ९५ जनाको मृत्यु, अपूरणीय जनधनको क्षति

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान आएको भीषण बाढीका कारण ९५ जनाको मृत्यु भएको पुष्टि भएको छ । नेपाल प्रहरीले उपलब्ध गराएको तथ्याङ्कअनुसार २७ महिला, ३७ पुरुष, ६ बालिका, ५ बालक र पहिचान नखुलेका २० जनाको शव फेला परेको हो । जसमध्ये रसुवामा १ पुरुषको शव फेला परेको छ। नुवाकोटमा ५ महिला र ६ पुरुष गरी ११ जनाको शव फेला परेको छ।

धादिङमा ११ महिला, ५ पुरुष, २ (पहिचान नखुलेको) गरी १८ जनाको शव फेला परेको प्रहरीले जनाएको छ। गोरखामा एक महिला, ४ पुरुष र एक बालक र १० जना (पहिचान नखुलेको)को शव फेला परेको छ। चितवनमा १० महिला, १० पुरुष, २ बालिका, ३ बालक र ८ जना (पहिचान नखुलेका)को शव भेटिएको छ। प्रहरीका अनुसार तनहुँमा ३ पुरुष, १ बालिका र १ बालकको शव फेला परेको छ भने नवलपरासीपूर्वमा ८ पुरुष र ३ बालिकाको शव फेला परेको छ।

- **६३ जना उपचाररत**

नेपाल प्रहरीका अनुसार बाढीमा परी घाइते भएका ६३ जनाको उद्धार गरी हाल विभिन्न अस्पतालमा उपचार भइरहेको छ । जसमा महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा २१, राष्ट्रिय ट्रमा सेन्टरमा ७, वीरेन्द्र सैनिक छाउनी अस्पतालमा १, रसुवा अस्पतालमा २१ र त्रिशूली अस्पतालमा १६, नर्भिक अस्पतालमा ३, ग्रीनसिटी अस्पतालमा १ जनाको उपचार भइरहेको प्रहरीले जनाएको छ। नेपाल प्रहरीका अनुसार टिमुरेबाट १०, रसुवागढीबाट , स्याफ्रुबेँसीबाट ३, मैलुङबाट ५, वेत्रावतीबाट एक जना र हाकुबाट एक जना गरी २ जना प्रहरी सम्पर्कबिहीन छन्।







## घाइते, बेपत्ता र प्रभावित सुरक्षा प्राथमिकतामा

प्रधानमन्त्री वालेन्द्र शाहले सरकारको अहिलेको पहिलो प्राथमिकता घाइतेहरूको ज्यान जोगाउनु, बेपत्ता भएकाहरूको खोजी गरिनु र प्रभावित मानिसहरूलाई सुरक्षा दिनु रहेको बताएका छन् । बुधबार सामाजिक सञ्जालमार्फत बाढी प्रभावित क्षेत्र तथा अन्य क्षेत्रका नागरिकहरूलाई अपिल गर्दै सरकारले सम्पूर्ण ध्यान उद्धार, खोजी र राहतमा खर्चिएको बताएका हुन्।

'आज म अत्यन्तै भारी मन लिएर तपाईंहरूमाझ उभिएको छु। आज बिहान रसुवाको भोटेकोशी नदीमा अचानक आएको भीषण बाढीले पु¥याएको ठूलो मानवीय र भौतिक क्षतिले सिङ्गो देशलाई नै स्तब्ध र मर्माहत बनाएको छ। प्राकृतिक विपद्को यो अप्रत्याशित बज्रपातले हाम्रा धेरै दाजुभाइ, दिदीबहिनी र साना–साना बालबालिकाहरूलाई गहिरो पीडामा धकेलेको छ,' उनले भनेका छन्।

प्रधानमन्त्री शाहका अनुसार बाढीका कारण हालसम्म ९५ जनाले ज्यान गुमाइसक्नुभएको छ । 'म नेपाल सरकार र व्यक्तिगत तर्फबाट ज्यान गुमाउने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्नो मान्छे, आफ्नो परिवार र सर्वस्व गुमाएर शोकमा डुब्नुभएका ती दाजुभाइ तथा दिदीबहिनीहरूमा गहिरो समवेदना व्यक्त गर्दछु। तपाईंहरूको यो असैह्य पीडामा सिङ्गो नेपाल सरकार र सम्पूर्ण देशबासी साथमा छौँ । बाढीमा परी घाइते हुनुभएका र अस्पतालमा उपचार गराइरहनुभएका सबै नागरिकहरूको छिटोभन्दा छिटो स्वास्थ्य लाभको कामना गर्दछु,' उनले भनेका छन्। उनले दुःखद् खबर पाउनासाथ सरकारले ढिला नगरी आफ्ना सम्पूर्ण शक्ति र संयन्त्रलाई हजारौँको संख्यामा उद्धार कार्यमा परिचालन गरेको समेत उल्लेख गरेका छन्।

बाढी गएलगत्तै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आकस्मिक बैठक बस्यो। त्यसलगत्तै राष्ट्रिय परिषद्को बैठक र मन्त्रिपरिषद्को बैठक समेत बसेर उद्धार, खोज र राहत कार्यलाई कसरी तीव्र बनाउने भन्नेबारे महत्त्वपूर्ण निर्णयहरू गरिएको उनको भनाइ छ । बाढी प्रभावित क्षेत्रमा नागरिकहरूको ज्यान जोगाउन र खोजतलास गर्न नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका टोलीहरूलाई तत्कालै मैदानमा उतारिएको प्रधानमन्त्री शाहले जानकारी दिए।

प्रधानमन्त्री शाहका अनुसार घाइते नागरिकहरूको सहज र निःशुल्क उपचारका लागि काठमाडौँको वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा १०० वटा शय्या छुट्याइएको छ। उपत्यकाका अन्य सबै ठूला अस्पतालहरूलाई पनि जुनसुकै बेला घाइतेको उपचारका लागि तयारी अवस्थामा राखिएको छ । सरकारले प्रभावित क्षेत्रमै मेडिकल टिम खटाएर घाइतेहरूको उद्धार र प्राथमिक उपचार गरिरहेको छ। काठमाडौँको राष्ट्रिय ट्रमा सेन्टर, विभिन्न सुरक्षा निकायहरूबाट चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली तत्कालै पठाइएको छ। यस्तै, नेपाल स्काउट, विश्व स्वास्थ्य सङ्गठनलगायत निकायबाट पनि चिकित्सक, उद्धारकर्मी र स्वास्थ्य सामग्री बाढीप्रभावित क्षेत्रमा पठाइसकिएको छ।

आपत्कालीन स्वास्थ्य सेवा, औषधी र रगतको अभाव नहोस् भनेर रक्तसञ्चार केन्द्र, बागमती र गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब र नेपाल स्काउटजस्ता सङ्घसंस्थाहरूसँग निरन्तर समन्वय भइरहेको छ।

बाढीग्रस्त क्षेत्रका सङ्घीय सांसदहरूसँग हामीले परामर्श गरी स्थानीय तहमा कहाँ के सहयोग आवश्यक छ, सोही अनुसार सहजिकरण गरिरहेका छौँ। घाइतेहरूको थप विवरण संकलन गर्ने काम अझै निरन्तर जारी छ। यो विपद्बाट नागरिकलाई बचाउन र उनहरूको जनजीवन सामान्य बनाउन सरकार लागिरहने छ । बाढीमा हराइरहेका नागरिकहरूको खोजतलासलाई अझ तीव्र पारिनेछ । घाइतेहरूको पूर्ण विवरण र बाढीले पु¥याएको क्षतिको विस्तृत विवरण सङ्कलन गरिनेछ । आज रातभर पनि उद्धार कार्य जारी नै रहने उनको भनाइ छ। 'नुवाकोटको विदुर, रसुवाको उत्तरगया र गोसाइँकुण्ड, धादिङको गजुरी, गल्छी, बेनीघाट, त्रिपुरासुन्दरी र सिद्धलेख तथा गोरखाको शहीद लखन र गण्डकी गाउँपालिका बाढीबाट बढी प्रभावित भएका छन्। यी सबै क्षेत्रका पीडित परिवारहरूसम्म खानेकुरा, सफा खानेपानी, औषधी र अस्थायी बसोबासको व्यवस्था तुरुन्त पुर्याइने छ,' प्रधानमन्त्री शाहले भनेका छन्।

बाढीका कारण भत्किएका सडक, पुल, बिजुली र खानेपानीका आयोजनाहरूलाई प्राथमिकताका साथ पुनर्निर्माण गरी जनजीवनलाई पुनः पुरानै अवस्थामा फर्काइने छ। विस्थापित भएका परिवारहरूलाई सुरक्षित स्थानमा पुनःस्थापना गरिनेछ उनको भनाइ छ।

प्रधानमन्त्री शाहले भनेका छन्, 'तपाईंहरूले भोग्नुपरेको पीडा र गुमाएको क्षति सानो छैन। तर म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु—यो कठिन घडीमा तपाईंहरू एक्लो हुनुहुन्न। राज्य आफ्ना सम्पूर्ण साधन र स्रोतका साथ तपाईंहरूकै साथमा छ। कृपया धैर्य धारण गर्नुहोला । तपाईंहरूको उद्धार, उपचार, खानपिन र बसोबासको पूर्ण जिम्मेवारी सरकारले लिन्छ।'

यस्तो विपद्को बेला हामी सबै एक ढिक्का हुन आग्रह गर्दै उनले सम्पूर्ण सामाजिक सङ्घसंस्था, उद्योगी–व्यवसायी, युवा स्वयंसेवक र आम नागरिकहरूलाई सरकारले चलाएको राहत र उद्धार अभियानमा आ–आफ्नो ठाउँबाट हात बढाउन र सहयोग गर्न हार्दिक अनुरोध समेत गरेका छन्।

## सीमा क्षेत्रमा हिम–चट्टान पहिरो जाँदा बाढी

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नेपाल–चीन सीमा क्षेत्रमा चट्टानसहितको हिमपहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको देखिएको प्रारम्भिक निष्कर्ष निकालेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल–चीन सीमामा गएको चट्टानसहितको हिमपहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै बाढी त्रिशूली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको जानकारी दिए । 'स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषणका आधारमा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल–चीन सीमामा चट्टानसहितको हिमपहिरो गएको देखिन्छ । त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशूली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ,' कार्यकारी प्रमुख डा. उप्रेतीले भने।

## कर्मचारीको एक हप्ताको तलब

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाका १ सय ६८ कर्मचारीले भोटेकोशी नदीको बाढीबाट प्रभावितको उद्धार, राहत र पुनःस्थापनाका लागि एक हप्ताको तलब सहयोग गर्ने भएका छन्।

भोटेकोशीमा गएको बाढीबाट भौतिक तथा मानवीय क्षति भएपछि सन्धिखर्क नगरपालिका कर्मचारीले राहत तथा पुनःस्थापनाका लागि कर्मचारीले एक हप्ताको तलब बराबरको रकम विपद् राहत कोषमा जम्मा गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले बताए।

नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत खनालको अध्यक्षतामा बुधबार बसेको बैठकले यस्तो निर्णय गरेको हो।

नगरपालिकाले बाढीबाट भएको भौतिक तथा मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ।

## 'र्‍यापिड एक्सन टिम' गठन गर्न निर्देशन

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बाढीबाट भएको क्षतिको तत्काल विवरण सङ्कलन तथा आवश्यक समन्वयका लागि मन्त्रालयअन्तर्गतका पाँचवटा सम्बन्धित विभाग तथा निकायलाई 'र्‍यापिड एक्सन टिम' गठन गरी परिचालन गर्न निर्देशन दिएकी छन्।

मन्त्री चौधरीले सम्बन्धित निकायहरूले आ–आफ्नो क्षेत्राधिकारभित्र विपद्बाट भएको क्षतिको स्थलगत विवरण तत्काल सङ्कलन गरी उद्धार, राहत, पुनःस्थापना तथा आगामी कार्ययोजना निर्माणमा सहयोग पुग्नेगरी आवश्यक प्रतिवेदन तयार गर्न निर्देशन दिएकी हुन्।

बाढीका कारण कृषि, वन, पशुपन्छी तथा वन्यजन्तुसँग सम्बन्धित क्षेत्रमा भएको जनधन तथा भौतिक क्षतिको यथार्थ विवरण तत्काल प्राप्त गर्न सम्बन्धित निकायलाई सक्रिय र समन्वयात्मक रूपमा परिचालन गर्न मन्त्री चौधरीले निर्देशन दिएकी छन्।

मन्त्रीको निर्देशनअनुसार गठित टिममा योजना तथा विकास सहायता समन्वय महाशाखाका सहसचिव डा. हरिबहादुर केसी, वन तथा भू–संरक्षण विभागका उपमहानिर्देशक धनञ्जय लामिछाने, कृषि विभागका उपमहानिर्देशक राजेन्द्र कोइराला, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाका प्रमुख डा. वरुणकुमार शर्मा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोजिस्ट हरिभद्र आचार्य तथा जल तथा मौसम विज्ञान विभागका उपसचिव विभूति पोखरेल रहेका छन्।

टिमले सम्बन्धित क्षेत्रमा क्षतिको प्रकृति, परिमाण, प्रभावित क्षेत्र तथा तत्काल आवश्यकतासम्बन्धी विवरण सङ्कलन गर्नेछ । सङ्कलित विवरणका आधारमा तत्काल आवश्यक राहत, उद्धार तथा पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ।

मन्त्री चौधरीले विपद्बाट भएको क्षतिको वास्तविक र तथ्यपरक विवरण तत्काल प्राप्त गरी त्यसलाई राहत, पुनःस्थापना तथा आगामी कार्ययोजना निर्माणको आधार बनाउने उद्देश्यले सम्बन्धित निकायलाई प्रभावकारी, सक्रिय

*बाँकी पृष्ठ ३ मा*



## सम्पादकीय

# रेमिट्यान्सले उछिनेको बजेट: अर्थतन्त्रको शक्ति कि राज्यको असफलता ?

नेपालको अर्थतन्त्रको एउटा विडम्बनापूर्ण तस्वीर फेरि सतहमा आएको छ 'देशको वार्षिक बजेटभन्दा धेरै पैसा नेपाली श्रमिकले विदेशबाट पठाएका छन् ।' गत आर्थिक वर्ष २०८२÷८३ मा वैदेशिक रोजगारीमा रहेका नेपालीले २३ खर्ब ६३ अर्ब १३ करोड रुपैयाँ रेमिट्यान्स पठाए। यही अवधिमा सरकारले १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरेको थियो। अर्थात्, नेपालको विकास र राज्य सञ्चालनका लागि सरकारले परिचालन गरेको रकमभन्दा बढी पैसा विदेशमा पसिना बगाइरहेका नेपालीले देशमा भित्र्याए। यो तथ्यांकलाई केवल उत्साहजनक आर्थिक उपलब्धिका रूपमा व्याख्या गर्नु गम्भीर भूल हुनेछ । रेमिट्यान्स बढ्नु विदेशी मुद्रा सञ्चितिका लागि राहत हो, भुक्तानी सन्तुलनका लागि आधार हो र लाखौँ परिवारको दैनिक जीवन धान्ने महत्वपूर्ण स्रोत हो। तर जब देशको बजेटभन्दा ठूलो आकारको रकम विदेशमा श्रम बेचेर भित्रिन्छ, त्यसले नेपालको आर्थिक संरचनामाथि गम्भीर प्रश्न पनि उठाउँछ।

गत वर्ष रेमिट्यान्स ३७.१ प्रतिशतले बढेर २३ खर्ब ६३ अर्ब रुपैयाँ पुगेको छ। असारमा मात्रै २ खर्ब ४२ अर्ब ३३ करोड रुपैयाँ भित्रिनु सामान्य तथ्यांक होइन । यो रकमको पछाडि हजारौँ किलोमिटर टाढा काम गरिरहेका नेपाली श्रमिकको श्रम, जोखिम, पारिवारिक विछोड र अनेकौँ व्यक्तिगत त्याग जोडिएका छन् । अर्थतन्त्रले यसलाई 'रेमिट्यान्स आप्रवाह' भन्छ, तर परिवारका लागि यो विदेशमा बगेको पसिनाको मूल्य हो। अझ गम्भीर कुरा के हो भने यति ठूलो रकम भित्रिँदा पनि नेपालले उत्पादन किन बढाउन सकेन ? रोजगारी सिर्जना किन गर्न सकेन? युवालाई स्वदेशमै भविष्य देखाउने वातावरण किन बन्न सकेन ? गत वर्ष संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति लिनेको संख्या ४ लाख ६ हजारभन्दा बढी रह्यो । पुनः श्रम स्वीकृति लिनेको संख्या पनि ३ लाख ८५ हजारभन्दा बढी छ । यसको अर्थ वैदेशिक रोजगारी नेपाली अर्थतन्त्रको विकल्प मात्र होइन, 'अर्थतन्त्र टिकाउने मुख्य आधार बन्दै गएको छ।'

रेमिट्यान्सले घर चलाएको छ, शिक्षा धानेको छ, स्वास्थ्य उपचार सम्भव बनाएको छ र विदेशी मुद्रा संकटबाट देशलाई जोगाएको छ। तर यही निर्भरता दीर्घकालीन समृद्धिको बाटो भने होइन। विदेश जाने युवाको संख्या बढ्दै जाने, स्वदेशमा उत्पादन र रोजगारी नबढ्ने र रेमिट्यान्सकै भरमा आयात धान्ने प्रवृत्तिले अन्ततः अर्थतन्त्रलाई कमजोर बनाउँछ। सरकारले अब रेमिट्यान्सको रकम कति आयो भनेर गर्व गर्ने होइन, त्यो पैसा किन विदेशबाट आउनुपर्ने अवस्था बन्यो भनेर आत्मसमीक्षा गर्नुपर्छ । रेमिट्यान्सलाई उपभोगमा सकिने रकम होइन, उत्पादन, उद्योग, कृषि, पर्यटन र रोजगारी सिर्जनामा लगानी हुने पुँजी बनाउने नीति आवश्यक छ। नत्र आज रेमिट्यान्सले बजेटलाई उछिनेको तथ्यांकलाई उपलब्धि ठानिएला, तर भोलि यही तथ्यांक नेपालको आर्थिक परनिर्भरताको प्रमाण बन्न सक्छ। देशको बजेटभन्दा ठूलो रकम विदेशमा श्रम बेचेर ल्याउनुपर्ने अर्थतन्त्रलाई सफल अर्थतन्त्र भन्न मिल्दैन । सफल अर्थतन्त्र त्यो हो, जहाँ नेपाली युवाले विदेश जान बाध्य भएर होइन, स्वदेशमै सम्भावना देखेर आफ्नो भविष्य रोज्न सक्छन्।

# चुनावअघि नै राजधानी आए हुन्थ्यो !

टिकाराम सुनार

**सुदूरपश्चिम।**
'यहाँ त चुनावको बेला मात्रै आउँछ हजुर राजधानी ! त्यसबेला नेता आउँछन्, भाषण गर्छन् अनि लाग्छ– अब त कसो राजधानी नबन्ला ! तर, आठ वर्ष बित्न लाग्यो, तर काम भएन। अब त यो विषयमा कुरा गर्नै मन लाग्दैन', आक्रोश र पीडा मिश्रित स्वरमा शिवराज सापकोटाले भने । गोदावरी नगरपालिका–२ राजधानी टोल निवासी सापकोटाले प्रदेश राजधानी घोषणा भएपछि ऋण काढेर जग्गा जोडे। राजधानी आएपछि व्यापार बढ्ने र गाउँको भविष्य बदलिने विश्वासमा त्यही जग्गामा होटल बनाए । नाम राखे– राजधानी होटल तथा खाजाघर। एक वर्ष, दुई वर्ष गर्दै सात वर्ष बित्यो, राजधानी बनेन । प्रदेश सरकार धनगढीमै रह्यो । उनले होटलको नाम पनि फेर्नुभयो– चिनेको होटल एण्ड खाजाघर । 'राजधानी बन्ला भनेर महङ्गोमा ऐलानी जग्गा किनियो। होटल संरचना बनाउँदासम्म करिब रु ६० लाख खर्च भयो। अरू साथीहरूले पनि धमाधम जग्गा किने, हाल बिलखबन्दमा परेका छौँ', सापकोटाले भने। राजधानी घोषणा हुँदा सापकोटाजस्तै यस क्षेत्रका नागरिकमा खुसी थपिएको थियो। त्यसैले कसैले होटल खोल्ने योजना बनाए। कसैले जग्गा किने। कसैले घरका तला थपे। स्थानीयको बुझाइ थियो– अब सरकारी कार्यालय यतै आउँछन्, धनगढीको प्रशासनिक चहलपहल गोदावरीतिर सर्छ र यहाँ आर्थिक गतिविधि बढ्छन्। स्थानीय युवा बम विश्वकर्मा भन्छन्, 'घरआँगनमै केही गरेर जीविका चलाउन सकिन्छ, सम्पत्तिले मूल्य पाउँछ भन्ने धेरैको अपेक्षा थियो, तर त्यो पूरा भएन।'

**दुईतिहाइको निर्णय, आठ वर्षको प्रतीक्षा**
अत्तरीयाबाट भीमदत्त राजमार्ग हुँदै सुदूरपश्चिमका सात पहाडी जिल्ला जाने–आउने यात्रु गोदावरीको तेघरी पुग्दा एउटा बोर्डमा आँखा ठोक्किन्छ– राजधानी टोल । प्रदेशको स्थायी राजधानी निर्माणस्थल चिनाउन स्थानीय युवाले राखेको यो बोर्ड वर्षौंदेखि त्यही छ । बोर्डका अक्षरको रङ फिक्का हुँदै गएको छ, त्यसले स्थानीयलाई मात्रै होइन, यो सडकमा आउँजाउँ गर्ने नागरिकलाई पनि गिजोलिरहेको छ । अछामको साँफेबगर नगरपालिका–२ श्रीकोटबाट धनगढी आउँदै गरेका सुरत भुललाई त यो बोर्डले वर्षौंदेखि एउटै प्रश्न सम्झाइरहेको छ बोर्ड छ, राजधानी कहिले ? 'करिब आठ वर्ष भयो आउँदा–जाँदा बोर्ड देख्न थालेको, तर संरचनाको नाममा एउटा इँटासमेत हालिएको छैन। अब त बोर्ड देख्दा पनि हाम्रो निर्णय कार्यान्वयन क्षमताकै उपहास भएजस्तो लाग्छ', उनले भने। स्थानीय तिलकबहादुर महरा राजधानीको विषय राजनीतिक सौदाबाजीको विषय बनेकै कारण कार्यान्वयन हुन नसकेको बताउँछन् । 'कि सोचविचार गरेर निर्णय गर्नुपर्‍यो, निर्णय भइसकेपछि कार्यान्वयनको उपाय खोज्नुपर्‍यो। कसैले अदालत, कसैले जङ्गल देखाउँछन् । हामीलाई त नेता तथा प्रशासकहरूले नै नचाहेको हो कि भन्ने लाग्छ। अब त निकास दिनुपर्‍यो', उनले भने।
सुदूरपश्चिम प्रदेशसभाले २०७५ असोज १२ गते दुईतिहाइभन्दा बढी मतबाट कैलालीको गोदावरी नगरपालिका–१ र ४ मा पर्ने तेघरीलाई स्थायी राजधानी तोकेको थियो । प्रदेशको नाम 'सुदूरपश्चिम' राख्ने निर्णय पनि त्यही दिन भएको थियो। त्यसयता प्रदेशसभाको पहिलो कार्यकाल बित्यो। अब दोस्रो कार्यकाल पनि गुज्रिँदैछ, तर राजधानी तोकिएको स्थानमा बन्न सकेको छैन। प्रदेश सरकार धनगढीबाटै सञ्चालन भइरहेको छ। राजधानी निर्माणमा ढिलाइ हुँदा यसको असर गोदावरीका बासिन्दाको अपेक्षामा मात्रै परेको छैन, प्रदेशसभाको दुईतिहाइबाट गरिएको निर्णय कार्यान्वयन गर्ने राज्यको क्षमता र सङ्घीयताको व्यवहारिक कार्यान्वयनमाथि समेत प्रश्न उठेको छ। 'सुरुआती दिनमा आफ्नै घरछेउमा प्रदेश राजधानी आयो भनेर खुसीको सीमा नै थिएन। आठ वर्ष बित्न लाग्दा पनि कुनै प्रगति नभएपछि अचेल खिन्न लाग्छ', स्थानीय युवा भन्छन्, 'प्रदेशसभाको दुईतिहाइबाट गरिएको निर्णय नै कार्यान्वयन नहुने कस्तो सङ्घीयता ल्याइएछ भनेर सोच्न बाध्य पार्छ । यहाँको बोर्डले नै गिज्याइरहेको अनुभूति हुन्छ ।' सोही क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्य तुल्सी देवकोटा त राजधानीको विषयले आफूहरूलाई जनतामाझ जान पनि चुनौती रहेको बताउँछन्। 'राजधानी तोक्दा जनताले धेरै सपना देखेका थिए, त्यो पूरा गर्न सकिएन। प्राविधिक विषय छन्, तर नेताहरुले नै यो विषयलाई महत्व दिएनन् भन्ने जनआक्रोश छ', उनले भने।

**चुनौतीपूर्ण समयमा निर्णय, कार्यान्वयनमा गाँठो**
सङ्घीयता कार्यान्वयनसँगै गठन भएका सात प्रदेशमध्ये राजधानी र नाम टुङ्ग्याउने प्रक्रिया सहज थिएन। कतै राजनीतिक विवाद भयो, कतै सडक आन्दोलन भए । अन्ततः सबै प्रदेशले राजधानी तोकेर प्रशासनिक संरचना बनाए । कोशी प्रदेशले २०७६ वैशाख २३ गते विराटनगरलाई राजधानी तोक्यो। मधेस प्रदेशले २०७८ माघ ३ गते जनकपुरधामलाई राजधानी बनायो र प्रदेशको नामकरण गर्‍यो । यसैगरी, बागमतीले २०७६ पुस २७ गते हेटौँडालाई राजधानी तोक्दै प्रदेशको नाम बागमती राख्यो। लुम्बिनीले २०७७ असोज २० गते दाङको देउखुरीलाई राजधानी तोक्दै प्रदेशको नाम लुम्बिनी राख्यो। गण्डकीले २०७५ असार १८ गते पोखरालाई राजधानी तोकेको थियो भने सोही महिनाको २२ गते प्रदेशको नाम गण्डकी राख्यो। कर्णालीले २०७४ फागुन १२ गते नै सुर्खेतको वीरेन्द्रनगरलाई राजधानी तोक्दै प्रदेशको नाम कर्णाली राखेको थियो । सुदूरपश्चिमले पनि राजनीतिक र सामाजिक विवादकै बीच गोदावरीलाई राजधानी तोकेको थियो।
त्यतिबेला अखण्ड सुदूरपश्चिम र थरुहट–थारुवानका मुद्दाले प्रदेशको भूगोल र पहिचानलाई लिएर मत विभाजन थियो। क्षेत्रीय सदरमुकामका रूपमा रहेको दिपायलको माग पनि बलियो थियो । यिनै चुनौतीबीच प्रदेशसभाले राजधानी र नाम टुङ्ग्याएको थियो । प्रदेशका संस्थापक मुख्यमन्त्री त्रिलोचन भट्ट ती चुनौतीका बाबजुद सहमतिमा राजधानी घोषणा गरिएको स्मरण गर्छन्। 'क्षेत्रीय सदरमुकामका रूपमा रहेको दिपायलको विषय र कैलालीका थारुवान÷थरुहट पक्षधरहरूको भावना कसरी समेट्ने भन्ने प्रश्न थिए । यस्ता विविध समस्याका बाबजुद हामीले सबैको सहमतिमा समयमा नै राजधानी घोषणा गर्‍यौँ, तर त्यसको कार्यान्वयनमा जटिलता आयो', उनले भने। पूर्वमुख्यमन्त्री भट्टका अनुसार त्यतिबेला मन्त्रालय, प्रदेशसभा, आवासलगायतका संरचनासहित नयाँ सहर विकास गर्ने सोच थियो । एउटा नयाँ मोडेलमा व्यवस्थित संरचना बनाउने उद्देश्यले ३२० बिघा जग्गा चाहिन्छ भनेर तेघरीलाई रोजिएको थियो। 'त्यसमा मन्त्रालय, संसद्, क्वाटर र अत्यावश्यक




पूर्वाधार बनाएर एउटा नयाँ सहरको सोचसहित अगाडि बढ्ने भन्ने कुरा थियो, तर जग्गा प्राप्तिको विषय नै मुख्य अवरोध बन्यो', उनले भने।
राजधानी घोषणा भएपछि त्यसविरुद्ध २०७५ मङ्सिर १८ मा सर्वोच्च अदालतमा रिट दायर भयो। लामो समयसम्म मुद्दा विचाराधीन रहेकाले राजधानी निर्माण अघि बढ्न नसकेको भन्नेहरु पनि थिए, तर अब त्यो कानुनी गाँठो फुकेको छ। गत असार ३२ गते सर्वोच्च अदालतले राजधानी कायम गर्ने निर्णयविरुद्ध दायर सबै रिट खारेज गरिदिएपछि राजधानी कार्यान्वयनका सम्बन्धमा रहेको प्रमुख कानुनी अन्योल हटेको छ । सुदूरपश्चिम प्रदेशका मुख्यन्यायाधिवक्ता ठेकेन्द्रराज जोशी विगतमा पनि सर्वोच्च अदालतको मुद्दाभन्दा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट जग्गाको भोगाधिकार प्राप्त नहुनु मुख्य समस्या रहेको बताउँछन् । 'विगतमा पनि सर्वोच्चका कारणले नभई वन मन्त्रालयले भोगाधिकार नदिएका कारण राजधानीमा संरचना बनाउने काम अगाडि नबढेका हुन् । प्रदेश सरकारले हालसम्म करिब ३०÷३५ पटक मन्त्रालयलाई चिठी लेखेर भोगाधिकारका लागि आग्रह गरेको थियो, तर सुनुवाइ नहुँदा समस्या भयो', उनले भने । अब सर्वोच्चको फैसला आइसकेपछि राजनीतिक र प्रशासनिक निर्णय गर्ने ठाउँ खुलेको स्थानीयको बुझाइ छ। स्थानीय सामाजिक अभियन्ता विक्रम विश्वकर्मा भन्छन्, 'हामीले अदालतको फैसला कुर्‍यौँ, फैसला आयो । अब भवन बन्छ, कार्यालय सर्छन् भन्ने सोचेका छौँ। अदालतले फुकाएको गाँठो अब राजनीतिक रूपमा पनि थप खुकुलो बनाउँदै लैजानुपर्छ।'

**'अब बहाना होइन, कार्ययोजना चाहियो'**
स्थानीय युवा राजनीतिकर्मी टेकराज अवस्थी अब राजधानी कहाँ बनाउनेभन्दा पनि कहिले र कसरी बनाउने मुख्य सवाल रहेको बताउँछन् । 'अब कानुनका कारणले समस्या नआउला । त्यसैले यहाँका राजनीतिक दल र प्रदेश सरकारले राजधानी विकासको स्पष्ट कार्ययोजना सार्वजनिक गर्नुपर्छ । राजधानी कार्यान्वयनलाई प्राथमिक राजनीतिक एजेन्डा बनाएर यसै आर्थिक वर्षमा काम हुनुपर्छ', उनले भने । अवस्थी प्रदेशको प्रशासनिक, आर्थिक र सहरी विकासको दीर्घकालीन खाका बनाएर राजधानी कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिन्छन् । 'जनताले केन्द्र सरकारले के गर्‍यो भनेर बुझ्दैनन्, यहाँका राजनीतिक दल तथा सरकारले सकारात्मक भूमिका खेल्न नसकेको रूपमा बुझिरहेका छन्', उनी भन्छन्, 'त्यसैले कि हाल तोकिएको स्थानमा गाँठो फुकाउने गरी पहल हुनुपर्‍यो । नभए गोदावरीभित्र उपयुक्त स्थानमा राजधानी निर्माण गरिनुपर्छ ।' गोदावरी नगरपालिका प्रमुख वीरेन्द्र भट्ट राजधानी कार्यान्वयनको विषयलाई अब धेरै गिँजोल्न नहुने बताउँछन्। अब प्रदेश सरकारले ठोस कार्ययोजना बनाएर यस विषयलाई टुङ्गोमा पुर्‍याउनुपर्ने उनको भनाइ छ। 'वन मन्त्रालयले भोगाधिकार नदिएको विषय सबैको जानकारीमै छ । अब त्यसैमा अल्झिनु हुँदैन। हामीले एउटा रुख पनि काट्न नपर्ने ४६ बिघा जमिन देखाएर राजधानीका लागि सम्पूर्ण सहयोग गर्छौँ भनेका छौँ, तर प्रदेश सरकारले त्यसमा चासो देखाएको छैन', नगरप्रमुख भट्टले भने।
उनले कञ्चनपुर र कैलालीको सीमामा पर्ने कृष्णपुर–७ र गोदावरी–३ को कलुवापुरलाई विकल्पका रूपमा अघि सारे। करिब ४६ बिघा जमिन रहेको उक्त स्थान मुख्य राजमार्गबाट करिब डेढ किलोमिटर पूर्वमा पर्छ। 'यो एउटा विकल्पको कुरा हो । यसबारे राजनीतिक नेतृत्व र अन्य व्यक्तिहरूलाई पनि स्थलगत रूपमा जानकारी गराइसकेका छौँ। यही स्थान हुनुपर्छ भन्ने छैन। सके तोकिएकै ठाउँमा नसके अन्य विकल्प पनि छन्, तर अब अनिर्णयको बन्दी बन्नुहुन्न', नगरप्रमुख भट्टले भने।

**'पर्खाइ राजनीतिक इच्छा शक्तिको'**
प्रदेशसभाको दोस्रो कार्यकालको अन्तिम वर्ष बाँकी छ, तर राजधानी कार्यान्वयनको विषयमा ठोस प्रगति भएको छैन। सभामुख भीमबहादुर भण्डारी अब यो विषयलाई निष्कर्षमा पुर्‍याउनुपर्ने बताउँछन्। 'राजधानीका विषयमा हामीले पटकपटक चासो राखेका छौँ। छलफल गरेका छौँ। विभिन्न विकल्पमा कुरा भएका छन्। अब सरकार र राजनीतिक दलहरू बसेर राजधानीको मुद्दालाई टुङ्गोमा पुर्‍याउनुपर्छ । त्यसमा सहजीकरण गर्न प्रदेशसभा तयार छ', उनले भने । नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रदेशसभा संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल पनि सहमतिका आधारमा राजधानीको विषय टुङ्ग्याउनुपर्ने पक्षमा छन् । 'वास्तवमै प्रदेश राजधानीको विषय लामो समयदेखि अगाडि बढेको छैन । अब यस विषयलाई कसरी अगाडि बढाउने भन्नेमा सहमतिका आधारमा टुङ्गोमा पुग्छौँ। सरकार बजेट निर्माणको चरणमा पनि भएकाले त्यस विषयमा सोच्नुपर्छ', उनले भने । मुख्यमन्त्री खगराज भट्ट पनि अब राजधानीको विषयलाई यथास्थितिमा राख्न नहुनेमा सहमत छन् । गोदावरीलाई राजधानी बनाउने प्रदेशसभाको निर्णय कार्यान्वयन गर्ने वा नयाँ निर्णय गर्ने विषय प्रदेशसभाबाटै टुङ्गो लगाउनुपर्ने उनीको मत छ। 'अब राजधानीको निर्णय कार्यान्वयनमा ढिलाइ गर्नु हुँदैन। त्यसका लागि प्रदेशसभा र बाहिरका सबै दल तथा सरोकारवालासँग छलफल गर्छौं। यदि सिङ्गो प्रदेशसभाले राजधानीको विषयलाई फरक ढङ्गले सोच्छ भने पनि त्यसैअनुसार अगाडि बढाउँछौँ', मुख्यमन्त्री भट्टले भने, 'हाल कायम रहेको निर्णयअनुसार सबैलाई विश्वासमा लिएर चाँडै काम सुरु गर्ने हाम्रो सोच छ। त्यसका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन गर्छौं।'
सुदूरपश्चिमका लागि राजधानी केबल प्रदेश सरकारका कार्यालय कहाँ राख्ने भन्ने प्रश्न होइन। यससँग प्रदेशको प्रशासनिक केन्द्र, आर्थिक गतिविधि, सहरी विकास, रोजगारी, सेवा प्रवाह र प्रदेशको दीर्घकालीन पहिचान जोडिएको छ । अधिवक्ता मनिषकुमार श्रेष्ठ राजधानीको विषयलाई अब राजनीतिक स्वार्थको विषय बनाउन नहुने बताउँछन्। 'राजनीतिक दलहरूले प्रदेश राजधानीलाई राजनीतिक भोटबैङ्क मात्र बनाए । आफ्नो स्वार्थअनुकूल कसैले डोटी, कसैले धनगढी त कसैले डडेल्धुरामा राजधानी बनाउँछौ भनेर नारा लगाए। अब आफ्नो होइन, समग्र जनता र प्रदेशको स्वार्थ हेरिनुपर्छ । गोदावरीको पर्यावरणीय तथा धार्मिक महत्वलाई ध्यानमा राख्दै राजधानी निर्माणको स्वरूपबारे बहस आवश्यक छ', उनले भने । सर्वोच्च अदालतको पूर्ण पाठ आएपछि थप कानुनी तथा व्यावहारिक पक्ष स्पष्ट हुने भए पनि राजधानीको विषयलाई अनिश्चितकालसम्म अल्झाइराख्न नहुने उनीको भनाइ छ । यहाँ करिब आठ वर्षअघिको अवस्था छैन । अदालतले गाँठो फुकाएको छ। सरोकार भएकाहरू राजधानीको विषयलाई अनिर्णयको बन्दी बनाउन नहुनेमा एकमत छन् । अब बाँकी छ–राजनीतिक इच्छाशक्ति । गोदावरीका नागरिक त्यही इच्छाशक्तिको पर्खाइमा छन्। 'अब फेरि चुनाव आउँला, नेता आउलान्, राजधानी बनाउँछौँ भनेर भाषण गर्लान्', शिवराज सापकोटा मुस्कुराउँदै भन्छन्, 'त्यसभन्दा अगाडि नै राजधानी बनेको देख्न पाए हुन्थ्यो ।' आठ वर्षदेखि तेघरीमा उभिएको 'राजधानी टोल'को बोर्डले पनि सायद यही प्रश्न गरिरहेको छ–अब चुनावअघि नै राजधानी आए हुन्थ्यो ! रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# 'र्‍यापिड एक्सन टिम' गठन गर्न ....

तथा समन्वयात्मक रूपमा काम गर्न निर्देशन दिएका छन्।

- **पृथ्वी राजमार्गमा सवारी बन्द**

भोटेकोशीमा गएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रमा क्षति पुगेपछि सम्भावित जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय धादिङले जिल्लाअन्तर्गत पृथ्वी राजमार्गमा सवारी आवागमन पूर्ण रूपमा बन्द गरेको छ।

जिल्ला प्रशासन कार्यालयले बुधबार सूचना जारी गर्दै अर्को सूचना जारी नभएसम्म पृथ्वी राजमार्ग भएर चल्ने सबै सार्वजनिक तथा निजी सवारीसाधनको आवागमन पूर्ण रूपमा बन्द गरिएको जनाएको हो।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम)ले बाढीका कारण रसुवा, नुवाकोटलगायत धादिङ जिल्लाको पृथ्वी राजमार्गका विभिन्न स्थानमा समेत क्षति पुगेको जानकारी दिए।

बाढी तथा त्यसबाट उत्पन्न हुनसक्ने थप जोखिमलाई ध्यानमा राखी आम सर्वसाधारणको जीउज्यानको सुरक्षाका लागि सवारी आवागमन बन्द गर्ने निर्णय गरिएको उनले राससलाई जानकारी दिए।

- **रास्वपाको ५० लाख**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। साथै, प्रभावित क्षेत्रमा उद्धार र राहतमा सघाउन पार्टीका समिति, सदस्य तथा शुभचिन्तकलाई स्थानीय प्रशासन र सुरक्षा निकायसँग समन्वय गरी र्‍यापिड याक्सन टिम (र्‍याट) मार्फत सक्रिय परिचालन गर्ने निर्णय गरेको छ।

रास्वपा सचिवालयको बुधबार बसेको बैठकले विपद्का कारण प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपरासीलगायत जिल्लाका नागरिकको उद्धार, राहत र पुनःस्थापनालाई प्राथमिकता दिँदै छ बुँदे निर्णय गरेको हो।

पार्टीले बेपत्ता तथा जोखिममा रहेका नागरिकको तत्काल उद्धार, सुरक्षित बासस्थान, खानेपानी, औषधि र खाद्यान्नको व्यवस्था गर्न सरकारसँग आग्रह गर्दै आर्थिक तथा भौतिक सहयोग सरकारको एकद्वार प्रणालीमार्फत मात्र उपलब्ध गराउन अपिल गरेको छ।

रास्वपाले विपद्का बेला फैलिन सक्ने अफवाह र भ्रामक सूचनाबाट बच्न सरकारी निकायबाट जारी आधिकारिक सूचनालाई मात्र आधार मान्न तथा नदी तटीय र पहिरो जोखिम क्षेत्रका नागरिकलाई सतर्क रहन आग्रह गरेको छ।

त्यस्तै, सम्भावित महामारी नियन्त्रणका लागि विशेषज्ञ स्वास्थ्य टोली तत्काल परिचालन गर्न, बेपत्ताको खोजी तीव्र बनाउन तथा घरबारविहीन परिवारलाई उचित क्षतिपूर्ति र दीर्घकालीन पुनःस्थापनाको ठोस योजना बनाउन सरकारको ध्यानाकर्षण गराएको छ।

विपद् व्यवस्थापनमा सम्पूर्ण ध्यान केन्द्रित गर्न रास्वपाले आधिकारिक, राजनीतिक तथा साङ्गठनिक सम्पूर्ण पूर्वनिर्धारित गतिविधि अर्को सूचना नभएसम्म स्थगित गरेको छ। उद्धार तथा राहत परिचालनको संयोजनको जिम्मेवारीपूर्व ¥याट संयोजक आशिष थापालाई दिइएको पार्टी महामन्त्री विपीनकुमार आचार्यद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

- **एनआरएनएको पाँच करोड सहयोग**

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित परिवारको उद्धार, राहत एवं अन्य आवश्यक सहयोगका लागि तत्काल पाँच करोड रुपैयाँ बराबरको आर्थिक सहयोग गर्ने निर्णय गरेको छ।

सङ्घको आकस्मिक बैठक बसी सबै पदाधिकारी, एनसीसी तथा अभियन्ताहरूसँग छलफल गरी एनआरएनएका अध्यक्ष डा. हेमराज शर्माको संयोजकत्वमा 'रसुवा बाढी प्रभावितको लागि राहत तथा उद्धार' मूल समिति गठन गर्ने निर्णय गरेको बैठकले आर्थिक सहयोग सङ्कलनका लागि कोषाध्यक्ष कृष्ण तिमल्सिनाको संयोजकत्वमा आर्थिक सहयोग सङ्कलन समिति गठन गरेको हो। स्वयंसेवक परिचालनका लागि उपाध्यक्ष मनोज गोर्खालीको संयोजकत्वमा स्वयंसेवक परिचालन समिति गठन गरेको बैठकले एनसीसी परिचालनका लागि महासचिव डा. चिरञ्जीवी खड्काको संयोजकत्वमा क्षेत्रीय संयोजकसमेत रहने गरी एनसिसी परिचालन समिति गठन गर्ने र विपद् व्यवस्थापन समिति र सम्बन्धित निकायसँग समन्वय गर्न प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतलाई जिम्मेवारी तोक्ने निर्णय गरेको छ।

प्रभावित क्षेत्रमा आवश्यक मेडिकल तथा स्वयंसेवक टोलीलाई तत्काल परिचालन गर्ने, सम्पूर्ण एनआरएनएका पदाधिकारी तथा सदस्यहरूलाई उद्धार तथा राहत कार्यमा स्वयंसेवकका रूपमा सहभागी हुन अपिल गर्ने, राष्ट्रिय समन्वय परिषद् (एनसीसी) हरूमा पनि आइसिसीमा गठन गरिएझैँ समिति गठन गरि तत्काल उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक आर्थिक सहयोग जुटाउन निर्देशन दिने बैठकले निर्णय गरेको जनाइएको छ।

सरकारको संयन्त्रमार्फत उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा सहकार्य गर्न एनआरएनए तयार तथा प्रतिबद्ध रहेको निर्णय गर्दै बैठकले सरकार तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनेलगायत निर्णय गरेको महासचिव डा. चिरञ्जीवी खड्काद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

विपद्मा परी ज्यान गुमाएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सङ्घले शोकसन्तप्त परिवारजनमा समवेदना तथा घाइते र प्रभावितहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। विपद्को घडीमा प्रभावित नागरिकको जीवनरक्षा, उद्धार तथा राहत कार्यलाई उच्च प्राथमिकतामा राख्न सरकार, स्थानीय निकाय तथा सरोकारवालालाई सङ्घले आग्रह गरेको छ।

# बाँस वाटिकाको उद्घाटनसँगै
## मिथिला कला र तीज सांगीतिक कार्यक्रम हुने

**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाम–७ जिरो माइलस्थित बाँस वाटिका रेस्टुरेन्ट एण्ड पार्टी प्यालेसले औपचारिक उद्घाटनको अवसरमा मिथिला कला, राखी तथा स्थानीय उत्पादन प्रदर्शनीसँगै तीज सांगीतिक कार्यक्रम आयोजना गर्ने भएको छ। सञ्चालक नवीन साहले बुधबार पत्रकार सम्मेलन गर्दै बिहीबार बिहान १० बजे रिबन काटेर बाँस वाटिकाको उद्घाटन गरिने जानकारी दिए।

उद्घाटनका क्रममा मिथिला चित्रकला, हस्तकला, राखी तथा स्थानीय उत्पादनको प्रदर्शनी गरिनेछ। स्थानीय कलाकार, उद्यमी तथा उत्पादकलाई आफ्ना सिर्जना र उत्पादनको प्रचार तथा बजार विस्तारका लागि मञ्च उपलब्ध गराउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको साहले बताए। उद्घाटनकै अवसरमा तीज सांगीतिक तथा सांस्कृतिक कार्यक्रमसमेत हुने आयोजकले जनाएको छ। कार्यक्रममा सहभागीका लागि प्रवेश निःशुल्क रहनेछ भने विभिन्न परिकार चाख्ने अवसरसमेत दिइनेछ।

साहले बाँस वाटिकालाई रेस्टुरेन्ट तथा पार्टी प्यालेसमा मात्र सीमित नराखी मिथिलाको कला, संस्कृति, खानपान र स्थानीय उत्पादन प्रवर्द्धन गर्ने गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए।

कार्यक्रममा सञ्चारकर्मी, कलाकार, उद्यमी, स्थानीय उत्पादक तथा सर्वसाधारणलाई सहभागी हुन आयोजकले आग्रह गरेको छ।

# पैगम्बर हजरतको जन्मजयन्ती मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजमा इस्लाम धर्मावलम्बीका अन्तिम पैगम्बर हजरत मोहम्मद सल्लाहोको १५०१औँ जन्मजयन्ती विभिन्न कार्यक्रम आयोजना गरी धुमधामका साथ मनाइएको छ।

जन्मजयन्तीको अवसरमा वीरगंजका विभिन्न स्थानबाट मुस्लिम धर्मावलम्बीहरू घण्टाघरमा जम्मा भई नगर परिक्रमा गर्दै जन्मजयन्ती मनाएका हुन्।

वीरगंज महानगरपालिकाका बहुअरी, छपकैया, मुर्ली, नगवा लगायतका क्षेत्रबाट आएका मुस्लिम धर्मावलम्बीहरूले ¥यालीसहित नगर परिक्रमा गरेका हुन्।

जन्मजयन्तीका अवसरमा सहभागीहरूले पैगम्बर मोहम्मदका उपदेश तथा शिक्षालाई स्मरण गर्दै धार्मिक ¥याली, सभा लगायतका कार्यक्रम गरिरहेका छन्। वीरगंजका विभिन्न मस्जिदमा पनि विशेष धार्मिक कार्यक्रम आयोजना गरिएको छ।

इस्लाम धर्मावलम्बीहरूले पैगम्बर मोहम्मदलाई आफ्नो प्रमुख सन्देष्टाका रूपमा मान्ने गर्छन्। उहाँको जन्म साउदी अरबको मक्कामा भएको थियो भने पछि मदिना जानुभएको थियो। मक्का र मदिनालाई इस्लाम धर्मावलम्बीहरूको पवित्र तथा प्रमुख तीर्थस्थलका रूपमा लिइन्छ।

यसै अवसरमा सरकारले मुस्लिम धर्मावलम्बीका लागि आज सार्वजनिक बिदासमेत दिएको छ। देशका विभिन्न स्थानसँगै वीरगंजमा पनि मुस्लिम समुदायले धार्मिक तथा सांस्कृतिक कार्यक्रमसहित मोहम्मद जयन्ती मनाइरहेका छन्।


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज-१५,पर्सा

**कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना**

**प्रकाशित मिति :- २०८३/०५/११ ,दोस्रो पटक**

टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८३/०५/११ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना दोस्रो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जेजस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्ष्ण बिवरण |
|---|---|---|
| १. | ऋणी : इसलेखा खातुन<br>पति : मजबुलाह खाँ पैठान<br>बुवा : रसिक खाँ पैठान<br>ससुरा : सैमोदिन खाँ<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री सैमोदिन खाँ को बुहारी मजबुलाह खाँ पैठान को श्रीमति इसलेखा खातुन पर्सा जिल्ला बसडीलवा वडा नं. ०९ बस्ने ना.प्रा.न ३४/०१/६९/०६५७५ मिति २०६९/१२/११ पर्सा बर्ष ३९ को इसलेखा खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बसडीलवा वडा नं. ०७ स्थितका किता नं. ७२३ को जग्गाको क्षेत्रफल ०-०-१४-१४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| २. | ऋणी : बुधुवा कुमारी तत्वा<br>पति : नगिना दास तत्वा<br>बुवा : गुमाणी दास तत्वा<br>ससुरा : वृक्षा दास तत्वा<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री वृक्षा दास तत्वा को बुहारी नगिना दास तत्वा को श्रीमति बुधुवा कुमारी तत्वा पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ बस्ने ना.प्रा.न ८५१/०४४९१६७९ मिति २०४५/०२/१७ पर्सा बर्ष ५४ को बुधुवा कुमारी तत्वा को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना र सखुवा प्रसौनी वडा नं. ७ र ४ स्थितको किता नं.४५,६५,६७ र २३ को जग्गाको क्षेत्रफल ३३८.६३,२७.९८,८४.६५ र २२६.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ३. | ऋणी : भागमणि देवी<br>पति : ध्रुव प्रसाद राय<br>बुवा : रामवरण यादव<br>ससुरा : तोखी राय<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री तोखी राय को बुहारी ध्रुव प्रसाद राय को श्रीमती भागमणि देवी पर्सा जिल्ला बहुअरी पिडरी वडा न. ४ बस्ने ना.प्रा.न २९८२ मिति २०५७/९/२६ पर्सा वर्ष ५८ को भागमणि देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ४ स्थितको किता नं. ३५७,३८८,५४७ को जग्गाको क्षेत्रफल ०-०-१०,०-२-५,०-०-१८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ४. | ऋणी : नेकहत प्रविण<br>पति : सौकत अली अंसारी<br>बुवा : बसिर आलम<br>ससुरा : मुसलिम अंसारी<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री मुसलिम अंसारी को बुहारी सौकत अली अंसारी को श्रीमति नेकहत प्रविण पर्सा जिल्ला बीरगंज वडा नं. ०२ बस्ने ना.प्रा.न ३४/०१/७२/०६८३८ मिति २०७२/११/२० पर्सा बर्ष ३५ को नेकहत प्रविण को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बीरगंज वडा नं. ०२ स्थितको किता नं.६०१ को जग्गाको क्षेत्रफल १४३.९० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ५. | ऋणी : कलिता खातुन<br>पति : सराजुल मिया धोबी<br>बुवा : सरिफ मिया धोबी<br>ससुरा :जुमन मिया धोबी<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री जुमन मिया धोबी को बुहारी सराजुल मिया धोबी को श्रीमती कलिता खातुन पर्सा जिल्ला शंकरसरैया वडा न. ४ बस्ने ना.प्रा.न३४३०४४/२०६ मिति २०६३/१२/२० पर्सा वर्ष ४५ को कलिता खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ०९ स्थितको किता नं. ९७ को जग्गाको क्षेत्रफल २५०.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ६. | ऋणी :कुमारी देवी<br>पति : जगदेव राउत<br>बुवा : रुदल राउत<br>ससुरा :बम राउत<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री बम राउत को बुहारी जगदेव राउत को श्रीमति कुमारी देवी पर्सा जिल्ला मनियारी वडा नं. ८ बस्ने ना.प्रा.न ६०४८०९२४ मिति २०४४/१०/१५ पर्सा बर्ष ८३ को कुमारी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं.०७ स्थितको किता नं. २१६ को जग्गाको क्षेत्रफल ०-८-१०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |


# दुई समुदायबीचको झडप:
## कांग्रेस नेता शाहबुद्दीन प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**



वीरगंज महानगरपालिका–छपकैयामा बुधबार दुई समुदायबीच भएको झडपको घटनालाई लिएर नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति मोहम्मद शाहबुद्दीनलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनामा उनको संलग्नता देखिएको भन्दै प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले शाहबुद्दीन प्रहरी नियन्त्रणमा रहेको पुष्टि गरेका छन्।

यद्यपि, उनलाई कुन कानुनी प्रावधानअन्तर्गत र कुन मुद्दामा नियन्त्रणमा लिइएको हो भन्नेबारे प्रहरीले औपचारिक रूपमा खुलाएको छैन। प्रहरी स्रोतका अनुसार छपकैयामा झण्डा राख्ने विषयबाट सुरु भएको विवादले उग्र रूप लिएपछि भएको झडपमा शाहबुद्दीनको संलग्नता देखिएपछि अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको हो।

बुधबार दिउँसो टावर लाइटको पोलमा राखिएको हनुमान जयन्तीको झण्डाको छेउमा अर्को झण्डा राख्ने विषयलाई लिएर विवाद सुरु भएको थियो। विवाद बढेपछि अवस्था नियन्त्रणमा लिन वीरगंज महानगरपालिकाको टोली घटनास्थल पुगेको थियो।

दुवै पक्षबीच सहमति जुटाएर महानगरपालिकाको टोलीले उक्त पोलमा नेपालको राष्ट्रिय झण्डा राखेको थियो। तर महानगरपालिकाको टोली घटनास्थलबाट फर्किएपछि राष्ट्रिय झण्डा हटाउने विषयलाई लिएर पुनः विवाद चर्किएको र त्यसपछि दुई पक्षबीच झडप भएको प्रहरीको भनाइ छ।

झडपका क्रममा ६ जना सर्वसाधारण र एक जना प्रहरी जवान गरी सात जना घाइते भएका छन्। घाइतेहरूको अवस्थाबारे विस्तृत विवरण भने प्रहरीले सार्वजनिक गरेको छैन। घटनापछि सम्भावित तनाव र थप झडप रोक्न छपकैयाका वडा नम्बर १, २ र ३ मा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको सुरक्षा उपस्थिति बढाइएको छ। सुरक्षा निकायको परिचालनपछि वीरगंजको अवस्था अहिले सामान्य रहेको प्रहरीले जनाएको छ। संवेदनशील क्षेत्रमा सुरक्षा निगरानी बढाइएको छ भने घटनासँग सम्बन्धित पक्ष तथा व्यक्तिहरूमाथि अनुसन्धान अघि बढाइएको छ।

- **शाहबुद्दीनमाथि अनुसन्धान अघि बढ्यो**

प्रहरीले कांग्रेस नेता शाहबुद्दीनलाई नियन्त्रणमा लिएर घटनामा उनको भूमिकाबारे अनुसन्धान गरिरहेको छ। तर, नियन्त्रणमा लिनुपर्ने कानुनी आधार र उनीविरुद्ध लगाइएको आरोपबारे प्रहरीले औपचारिक जानकारी सार्वजनिक गरेको छैन। झण्डा राख्ने विषयबाट सुरु भएको विवाद केही समयमै सामुदायिक तनावमा परिणत भई झडपसम्म पुगेपछि प्रहरीले घटनालाई संवेदनशील रूपमा लिएको छ। प्रहरीले घटनाको कारण, झडपमा संलग्न व्यक्तिहरू तथा घटनाक्रमबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

# सांसद तपेश्वर यादवको अभिव्यक्तिको...

प्रदर्शन गर्दै उनको पुत्ला दहन गरेका छन्। मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपाल, सिरहाको आयोजनामा भएको प्रदर्शनमा सहभागीहरूले प्रतिनिधिसभामा सांसद यादवले मिटरब्याज पीडितका विषयमा दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएका हुन्।

प्रदर्शनकारीका अनुसार सांसद यादवले संसदमा मिटरब्याजबाट पीडितमध्ये अधिकांश साहु रहेको र थोरै मात्र ऋणी पीडित रहेको आशय व्यक्त गरेका थिए। उक्त अभिव्यक्तिले मिटरब्याजबाट पीडित किसान तथा मजदुरको वास्तविक समस्या र पीडालाई गलत ढंगले प्रस्तुत गरेको उनीहरूको आरोप छ।

प्रदर्शनका क्रममा सहभागीहरूले सांसद यादवविरुद्ध नाराबाजी गर्दै उनको पुत्ला जलाएका थिए। उनीहरूले मिटरब्याज पीडितको पक्षमा स्पष्ट धारणा सार्वजनिक गर्न र विवादित अभिव्यक्ति फिर्ता लिन सांसद यादवसँग माग गरेका छन्।

प्रदर्शनकारीले मिटरब्याजका कारण पीडित बनेका किसान तथा मजदुरलाई न्याय दिलाउन, समस्याको दीर्घकालीन समाधान खोज्न र दोषीमाथि प्रभावकारी कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन्। मिटरब्याज समस्या समाधानका लागि सरकारले कानुन निर्माण तथा विभिन्न संयन्त्रमार्फत पहल गर्दै आए पनि आफूहरूले अझै न्याय नपाएको पीडितहरूको गुनासो छ। उनीहरूले माग सम्बोधनका लागि विभिन्न चरणमा आन्दोलन गर्दै आएका छन्।

# रसुवाको बाढीमा परे मधेशका युवाहरु





**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
रसुवामा बाढीले धनुषा र महोत्तरी जिल्लाका दुई इन्जिनियर बगाएको छ। धनुषाको सखुवा मड़ानका ३० वर्षीय अजय कुमार सिंह र महोत्तरी जिल्लाको पिप रा गाउँका २९ वर्षीय विकास यादव बेपत्ता छन्। जलविद्युत केन्द्रमा १०० भन्दा बढी इन्जिनियर र अन्य कर्मचारी ड्युटीमा थिए।

सिंह रसुवामा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली जलविद्युत् आयोजनामा कार्यरत रहेको जनाइएको छ । बाढी आएपछि सिंहसँग सम्पर्क हुन नसकेको उनकी श्रीमती पूजा साहले सामाजिक सञ्जालमार्फत जानकारी गराएकी छन्। भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवाका विभिन्न क्षेत्रमा ठूलो क्षति भएको छ भने कैयौं व्यक्ति सम्पर्कविहीन भएका छन्। प्रभावित क्षेत्रमा नेपाली सेना, प्रहरी तथा अन्य निकायबाट खोजी तथा उद्धार कार्य जारी रहेको छ।

यस्तै, रसुवाको स्याफ्रुबेँसी र टिमुरेलगायतका क्षेत्रमा आएको बाढीमा परेर बाराका युवक बेपत्ता भएका छन् । बाढीपछि सुवर्ण गाउँपालिका–४, हरैया निवासी रमेशकुमार यादव सम्पर्कविहीन भएका हुन् । यादव रसुवास्थित अपर त्रिशूली हाइड्रोपावरको ३३ मेगावाट आयोजनामा कार्यरत रहेको स्थानीय परवेज खानले जानकारी दिए।

उनका अनुसार यादव सोमबार बिहान करिब ९ बजेपछि सम्पर्कविहीन भएका हुन् । एक्कासि आएको बाढीपछि यादवको अवस्था अज्ञात रहेको र उनको खोजी भइरहेको खानले बताए। यादव सम्पर्कविहीन भएपछि उनका परिवार तथा आफन्त चिन्तित बनेका छन्। यादवका परिवारजनले उनको खोजी तथा उद्धारका लागि सरकारी निकायसँग आग्रह गरेका छन्।

# वीरगंज उद्योग वाणिज्य संघद्वारा दुःख व्यक्त

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट स्याप्रुबेसी, टिमुरेलगायतका क्षेत्रमा भएको जनधनको क्षतिप्रति वीरगंज उद्योग वाणिज्य सङ्घले दुःख व्यक्त गरेको छ । सङ्घका अध्यक्ष हरिप्रसाद गौतमद्वारा जारी विज्ञप्तिमा बाढीका कारण घर, व्यावसायिक प्रतिष्ठान, सडक, पुल, जलविद्युत् आयोजना, सवारीसाधन तथा अन्य भौतिक संरचनामा ठूलो क्षति पुगेको उल्लेख छ।

कतिपय स्थानमा मानिस सम्पर्कविहीन रहेको र उद्धारको पर्खाइमा रहेको समाचारले सङ्घलाई मर्माहत बनाएको जनाइएको छ । सङ्घले विपद्को यस घडीमा रसुवाका बाढीपीडित नागरिक, प्रभावित व्यवसायी, उद्योगी तथा प्रभावित परिवारप्रति ऐक्यबद्धता प्रकट गर्दै बेपत्ता तथा जोखिममा रहेका नागरिकको तत्काल खोजी तथा उद्धार गर्न सरकार र सम्बन्धित निकायसँग आग्रह गरेको छ।

त्यस्तै, घाइतेको शीघ्र उपचारको व्यवस्था मिलाउन तथा प्रभावित क्षेत्रमा राहत सामग्री तत्काल पु¥याउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सुरक्षा निकायसँग सङ्घले अनुरोध गरेको छ।

विपद्बाट भएको क्षति ठूलो रहेकाले सरकारको एकल प्रयास मात्र पर्याप्त नहुने भन्दै सङ्घले उद्योगी, व्यवसायी, निजी क्षेत्र, सामाजिक सङ्घ–संस्था, नागरिक समाज तथा विदेशमा रहेका नेपालीलाई आफ्नो क्षमताअनुसार आर्थिक, भौतिक तथा मानवीय सहयोग गर्न अपिल गरेको छ । सङ्घले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै क्षतिग्रस्त पूर्वाधार र व्यवसायको पुनःस्थापनाका लागि सरकार र निजी क्षेत्रको समन्वयमा विशेष पुनःस्थापना तथा पुनर्निर्माण कार्यक्रम सञ्चालन गर्नसमेत आग्रह गरेको छ।

# तत्काल उद्धार र राहत प्याकेज घोषणा गर्न आजपाको माग




**मधेशदृष्टि**
**काठमाडौँ।**
आम जनता पार्टी (आजपा)ले रसुवाको भोटेकोशी नदीमा आएको अप्रत्यासित र आकस्मिक भीषण बाढीका कारण ठुलो मात्रामा जनधनको क्षति भएको घटनाप्रति दुःख व्यक्त गरेको छ।

आजपाले प्रेस वक्तव्य जारी गर्दै सरकार तथा सरोकारवाला निकायहरूसँग तत्काल उद्धार, राहत, उचित क्षतिपूर्ति र पुनःस्थापना सहितको दीर्घकालीन सुरक्षा रणनीतिका उपायहरू अवलम्बन गर्न माग गरेका छन् । साथै प्रभावित क्षेत्रलाई संकटग्रस्त घोषणा गर्दै यस घटनाको सत्य–तथ्य बाहिर ल्याउन समेत उनले माग गरेका छन्।

आजपाले बाढी प्रभावित क्षेत्रमा बेपत्ता भएकाहरूको खोजी कार्यलाई तीव्रता दिन, अलपत्र परेका नागरिकहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न र तत्काल निःशुल्क भोजन, बसोबास तथा औषधोपचारको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएको छ।

यसैगरी, बाढीका कारण घरबारविहीन भएका, निजी सम्पत्ति गुमाएका र विस्थापित भएका परिवारहरूलाई अविलम्ब उचित राहत तथा पुनःस्थापनाको प्याकेज घोषणा गर्न माग गरिएको छ।

भोटेकोशी र यसका सहायक नदीहरूमा वर्षायाममा आउने आकस्मिक बाढीको पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन र नदी नियन्त्रणका लागि तटबन्ध लगायतका दीर्घकालीन उपायहरू अवलम्बन गर्न समेत आजपा प्रवक्ता साहले सरकारसँग आग्रह गरेका छन्।

आजपाले बाढीका कारण ज्यान गुमाउने नागरिकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ। साथै, बाढीमा परी घाइते भएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ।

यस प्राकृतिक विपत्तिको घडीमा आजपाले भोटेकोशी तटीय क्षेत्रका प्रभावित नागरिकहरूको पीडामा साथ उभिने प्रतिबद्धता व्यक्त गरेको छ । अहिलेको विषम परिस्थितिमा उद्धार, राहत र सहयोग संकलन कार्यमा जुट्न आजपाले आफ्ना स्थानीय नेता, कार्यकर्ता तथा सम्पूर्ण जनसमुदायमा आह्वान गरेको छ।

# रास्वपाको मधेश अधिवेशन गराउन सभापति लामिछाने आफै खटिदै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पहिलो महाधिवेशन सम्पन्न गरिसक्दा पनि मधेश प्रदेशका अधिकांश जिल्ला र प्रदेश अधिवेशन गर्न सकेको छैन । यही विषयलाई टुंगो लगाउन पार्टीका नेताहरू मंगलबार केन्द्रीय कार्यालय चमतिमा भेला भएर मधेशका सात जिल्लाको अधिवेशनको मिति तथा सभापति रवि लामिछानेको मधेश भ्रमणको कार्यतालिका बनाउन जुटेका छन् । बैठकको संयोजन पार्टीका सहमहामन्त्री पुरुषोत्तम यादवले गरेका थिए। मंगलबार नै अधिवेशनको मिति र सभापतिको भ्रमण तालिका टुंगो लगाउने तयारी भए पनि औपचारिक रूपमा मिति सार्वजनिक भने गरिएको छैन।

सदस्यता र प्रतिनिधि चयनसम्बन्धी विवादका कारण मधेशका अधिकांश जिल्लाको अधिवेशन रोकिएको थियो । सोही कारण प्रदेश अधिवेशनसमेत हुन सकेको छैन । पर्सामा भने अधिवेशन सम्पन्न भई हरि पन्तको नेतृत्वमा जिल्ला समिति गठन भइसकेको छ । तर बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा जिल्ला अधिवेशन हुन बाँकी छ।

पार्टी नेताहरूका अनुसार नेतृत्व चयनमा देखिएको गुटगत प्रतिस्पर्धा, सांसदहरूको हस्तक्षेप तथा पुराना कार्यकर्ता र चुनावअघि पार्टीमा प्रवेश गरेका नयाँ सदस्यबीचको प्रतिस्पर्धाले अधिवेशन प्रक्रिया प्रभावित भएको हो। कतिपय स्थानमा नेतृत्वका लागि विवाद बढ्दै जाँदा हात हालाहालसम्मको अवस्था सिर्जना भएको नेताहरूले बताएका छन्।

रास्वपा मधेश प्रदेशका सभापति तपेश्वर यादवका अनुसार निर्वाचनअघि विभिन्न दलबाट ठूलो संख्यामा नेता–कार्यकर्ता रास्वपामा प्रवेश गरेपछि संगठन व्यवस्थापनमा चुनौती थपिएको हो। फरक राजनीतिक पृष्ठभूमिबाट आएका व्यक्तिहरू एउटै पार्टीभित्र नेतृत्वका लागि प्रतिस्पर्धा गर्दा विवाद बढेको उनको भनाइ छ।

उनका अनुसार मधेशका १३६ स्थानीय तहमध्ये करिब १० देखि १५ पालिकामा समेत अधिवेशन हुन सकेको छैन। त्यस्ता ठाउँमा भने तदर्थ समिति गठन गरिएको छ।

मधेशमा संगठनात्मक विवाद लम्बिएपछि पार्टी केन्द्रले नै सक्रियता बढाएको हो । सभापति लामिछानेले आफैं मधेशका जिल्लामा पुगेर अधिवेशनका लागि वातावरण बनाउने बताएका छन्। दुई दिनअघि केन्द्रीय सदस्यहरूलाई प्रशिक्षण दिने क्रममा उनले एक–दुई साताभित्र मधेश भ्रमणमा जाने र त्यहाँ रोकिएका अधिवेशन अघि बढाउने बताएका थिए।

यसैबीच, अधिवेशन हुन नसकेका स्थानको विवाद अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मेवारी सहमहामन्त्री हरि ढकाललाई दिइएको छ । ढकालले भने पारिवारिक कारण तथा आफ्नो क्षेत्रका कामका कारण मधेशको विषयमा तत्काल पर्याप्त समय दिन नसकेको बताएका छन्।

मधेशका नेताहरूले भने अधिवेशन प्रभावित हुनुमा संगठनभित्र देखिएको राजनीतिक ध्रुवीकरणलाई पनि प्रमुख कारण मानेका छन् । उनीहरूका अनुसार पार्टी सभापति लामिछाने र प्रधानमन्त्री बालेन शाहको पक्षमा पार्टी पंक्ति विभाजित देखिएको छ । केही नेताले सांसदहरू पनि आ–आफ्नो प्रभाव कायम राख्न आफू निकटका व्यक्तिलाई संगठनको नेतृत्वमा ल्याउने प्रयासमा रहेको दाबी गरेका छन्।

प्रदेश सभापति यादवका अनुसार मधेश बाहिरका नेतामार्फत विवादित स्थानको अध्ययन गराउँदा निष्पक्षता कायम हुने अपेक्षासहित हरि ढकाललाई जिम्मेवारी दिइएको हो । मधेशकै व्यक्तिलाई जिम्मेवारी दिँदा पक्षधरता देखिएको आरोप लाग्न सक्ने भएकाले बाहिरका नेतालाई अध्ययनको जिम्मा दिइएको उनको भनाइ छ।

मधेशको अधिवेशनलाई आगामी स्थानीय तह तथा प्रदेश निर्वाचनसँग जोडेर पनि नेताहरूले विश्लेषण गरिरहेका छन् । संगठनको पालिका, जिल्ला वा प्रदेश तहको नेतृत्वमा पुगेपछि टिकट वितरणमा प्रभाव पार्न सकिने बुझाइका कारण कार्यकर्ताबीच नेतृत्वका लागि प्रतिस्पर्धा तीव्र भएको एक सांसदले बताए।

रास्वपाले स्थानीय तहको उम्मेदवार छनोटका लागि छुट्टै प्रक्रिया अघि बढाएको छ । गाउँपालिका तहमा उम्मेदवार बन्न इच्छुक व्यक्तिका लागि भदौ १ गतेदेखि आवेदन खुला गरिएको छ। पार्टीको 'क्यान्डिडेट क्लब' मा दर्ता भएपछि मात्र उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाइने व्यवस्था गरिएको छ।

पार्टीले उम्मेदवार छनोट गर्दा व्यक्तिको क्षमता, संगठनात्मक सक्रियता, सार्वजनिक छवि, योग्यता तथा उम्मेदवार एकेडेमीमा प्रस्तुतिलगायतका पक्षलाई आधार बनाउने जनाएको छ । सभापति लामिछानेले पार्टीको निर्धारित प्रक्रियाबाहेक कसैलाई उम्मेदवार बनाउने आश्वासनमा विश्वास नगर्न कार्यकर्तालाई आग्रह गर्दै आएका छन्।

यसअघि चितवनमा सम्पन्न रास्वपाको पहिलो महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्दा पनि मधेशमा सबैभन्दा बढी विवाद देखिएको थियो । मधेशबाट प्रतिनिधिको टुंगो लाग्न नसक्दा महाधिवेशनको मतदान प्रक्रिया समयमै सुरु हुन सकेको थिएन। महाधिवेशनमा कुल ४ हजार २११ प्रतिनिधि सहभागी हुने जानकारी दिइएकोमा अन्तिम समयमा मधेशबाट ५४० प्रतिनिधिको विवरण सार्वजनिक गरिएको थियो।

अहिले भने मधेशका नेताहरू सकेसम्म सहमतिमै नेतृत्व चयन गर्ने प्रयासमा छन् । गत साता भएको आन्तरिक छलफलमा प्रदेशदेखि जिल्ला तहसम्म सहमतिको वातावरण बनाउने विषयमा कुराकानी भएको थियो। केही सम्भावित नेतृत्वबारे समेत नेताहरूबीच छलफल भएको बताइएको छ।

यद्यपि सबै जिल्लामा सर्वसम्मत नेतृत्व चयन हुने सम्भावना नरहेको प्रदेश सभापति यादवको भनाइ छ । सर्वसम्मतिका नाममा कुनै पक्षलाई प्राथमिकता दिएको आरोप लाग्न सक्ने भएकाले विवादित स्थानमा निर्वाचन नै उपयुक्त विकल्प हुन सक्ने उनले बताएका छन्। आफू भने प्रदेश सभापतिमा निरन्तरता चाहेकै कारण पहिलो महाधिवेशनमा प्रतिस्पर्धा नगरेको उनको भनाइ छ।

सभापति लामिछानेको मधेश भ्रमणको मिति अझै निश्चित भइनसकेको र विवादित स्थानको अध्ययनका लागि जिम्मेवारी पाएका सहमहामन्त्री ढकालले काम सुरु गरिनसकेकाले तत्कालै सबै अधिवेशन प्रक्रिया अघि बढ्नेमा मधेशका नेताहरू आशावादी छैनन्। चाडपर्वको समय नजिकिँदै गएकाले कतिपय नेताले मधेशका जिल्ला तथा प्रदेश अधिवेशन मंसिरतिर मात्र सम्भव हुने आकलन गरेका छन्।

# प्रादेशिक अस्पतालको अस्तित्व र स्थायी दरबन्दी माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित प्रादेशिक अस्पतालको अस्तित्व र स्थायी दरबन्दी कायम गर्नुपर्ने माग गर्दै अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराएका छन्।

संघीयता कार्यान्वयनसँगै मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेको प्रादेशिक अस्पतालले धनुषासहित आसपासका चार–पाँच जिल्लाका सर्वसाधारणलाई स्वास्थ्य सेवा दिँदै आएको भन्दै स्वास्थ्यकर्मी तथा कर्मचारीले अस्पतालको संरचना र अस्तित्व कमजोर पार्ने कुनै पनि प्रक्रिया रोक्न माग गरेका छन्।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएपछि प्रादेशिक अस्पतालको पहिचान र संरचना क्रमशः कमजोर हुँदै गएको अस्पतालका निर्देशक डा. जामुन सिंहले बताए । अस्पतालको अस्तित्व कमजोर भए त्यहाँ कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको वृत्ति विकासमा समेत असर पर्ने र ठूलो संख्यामा सेवाग्राही सरकारी स्वास्थ्य सेवाबाट वञ्चित हुन सक्ने उनको भनाइ छ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ मा आवश्यक संशोधन गरी प्रादेशिक अस्पताल जनकपुरधामको स्थापित अस्तित्व कायम राख्नुपर्ने माग स्वास्थ्यकर्मी तथा कर्मचारीको छ ।

स्वास्थ्यकर्मी तथा चिकित्सकले अस्पतालमा रहेका स्थायी दरबन्दी यथावत् राख्नुपर्ने मागसमेत गरेका छन्। उनीहरूले स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको पदस्थापन, सरुवा र बढुवासम्बन्धी व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०७७ अनुसार नै निरन्तर कायम गर्नुपर्ने बताएका छन्।

ज्ञापनपत्र बुझ्दै मधेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनमा रहेका त्रुटि सच्याउन सरकार प्रतिबद्ध रहेको बताए । प्रतिष्ठान र प्रादेशिक अस्पतालसँग सम्बन्धित समस्या समाधानका लागि प्रदेश सरकारले आवश्यक कदम चाँडै चाल्ने उनले स्पष्ट पारे।

माग सम्बोधनमा मन्त्रालय गम्भीर नदेखिए सेवाग्राही र सेवाप्रदायक दुवै पक्ष प्रभावित हुने भन्दै स्वास्थ्यकर्मी तथा चिकित्सकले माग पूरा नभए चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन